# लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना (आ.ब.२०७६/०७७ देखि आ.ब. २०८०/८१) को मध्यावधि समिक्षा सम्बन्धी

# कार्यशर्त (Terms of Reference)

प्रदेश सरकार

प्रदेश योजना आयोग

मुकामः बुटबल

मंसिर, २०७८

# परिचय

## १.१ **पृष्ठभूमिः**

योजनाबद्ध विकासको माध्यमबाट प्रदेशको घोषित कार्यक्रम "समृद्ध नेपालः सुखी नेपाली" को अवधारणा र प्रादेशिक समृद्धिको नारा समृद्ध प्रदेश आत्मनिर्भर जनता को अवधारणालाई वस्तुगत बनाउनु यस रणनीतिक योजनाको मुख्य उद्देश्य रहेको छ । लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना (आ.ब. २०७६/०७७ देखि आ.ब. २०८०/८१) ले तय गरेका क्षेत्रगत सूचकहरु लाई आधार बिन्दुका रुपमा प्रयोग गर्दै नेपालको संविधान, नेपालको दीर्घकालिन सोँच २१००, नेपाल सरकारको पन्ध्रौं आवधिक योजना, दीगो विकासका लक्ष्यहरु र प्रदेश सरकारका हालसम्मका नीति तथा कार्यक्रम र बार्षिक बजेटका समिक्षा गर्नु आवश्यक देखिएको छ ।

## १.२. **उद्देश्यहरुः**

योजनाबद्ध विकासको माध्यमबाट प्रदेशको घोषित कार्यक्रम "समृद्ध नेपालः सुखी नेपाली" को अवधारणा र प्रादेशिक समृद्धिको नारा समृद्ध प्रदेश आत्मनिर्भर जनता को अवधारणालाई वस्तुगत बनाउनु यस रणनीतिक योजनाको मुख्य उद्देश्य रहेको छ । लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना (आ.ब. २०७६/०७७ देखि आ.ब. २०८०/८१) ले तय गरेका क्षेत्रगत सूचकहरु लाई आधार बिन्दुका रुपमा प्रयोग गर्दै नेपालको संविधान, नेपालको दीर्घकालिन सोँच २१००, नेपाल सरकारको पन्ध्रौं आवधिक योजना, दीगो विकासका लक्ष्यहरु र प्रदेश सरकारका हालसम्मका नीति तथा कार्यक्रम र बार्षिक बजेटका आधारमा समग्र विकासको खाका बनाउनु यस मध्यावधि समिक्षाको मुख्य लक्ष्य रहनेछ ।

यो समिक्षा प्रतिवेदन निर्माणका विशिष्ट उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:

१. प्रदेश सरकार स्थापनापश्चात हालसम्म निर्माण गरिएका नीति तथा कार्यक्रमहरु र बार्षिक बजेटको मूल्याङ्कन
२. प्रदेशको प्रथम आवधिक योजना (आ.ब. २०७६/०७७ देखि २०८०-८१) मा निर्धारण गरिएका सूचक (Indicators) को मुल्याङ्कन

३. नीति तथा कार्यक्रमहरु, MTEF र बार्षिक बजेटको निर्माण तथा कार्यान्वयनमा अन्तर मन्त्रालयगत समन्वयको अवस्था
४. राष्ट्रिय तथा अन्तराष्ट्रिय नीति तथा कार्यक्रम, बजेट तथा दीर्घकालिन र आवधिक योजनाहरुको मूल्याङ्कनका आधारमा लुम्बिनी प्रदेशको दीर्घकालिन योजना निर्माण ।

## २.रणनीतिक गुरुयोजना निर्माणको निम्ति आवश्यक समय, मानवस्रोत तथा बजेट

२.१.अध्ययन सम्पन्न गर्ने समयावधिः यो अध्ययन आ.व. २०७८/७९ को वार्षिक बजेटमा उल्लेख भए अनुरुप आ.व. २०७८/७९ भित्र सम्पन्न गर्नु पर्ने छ ।

### २.२. मानवस्रोत व्यवस्थापनः

योजना निर्माणको अवधिका लागि निम्नबमोजिमका जनशक्ति कम्तीमा ४ (चार) महिनाका लागि पूर्णकालीन कर्मचारीका रूपमा व्यवस्था गर्नुपर्ने देखिन्छः-

| क्र.सं. | विज्ञको प्रकार | संख्या | कार्य अवधि (दिन) |
|---|---|---|---|
| १ | टीम लिडर | १ | ६० |
| २ | अर्थशास्त्री | १ | ६० |
| ३ | योजनाविद् | १ | ३० |
| ४ | तथ्यांकशास्त्री | १ | ६० |

### २.२.१. विज्ञहरुको योग्यताः

**टोलिनेता अर्थात् अर्थविज्ञ**

- मान्यताप्राप्त विश्वविद्यालयबाट अर्थशास्त्र विषयमा कम्तिमा विध्यावारिधि गरी अनुसन्धान तथा अध्ययन/अध्यापन क्षेत्रमा ५ वर्षको अनुभव प्राप्त गरेको अथवा उल्लेखित बिषयमा स्नातकोत्तर गरी १० वर्षको अनुभव प्राप्त गरेको हुनुपर्ने
- व्यवस्थापकिय क्षेत्रमा ५ बर्षको अनुभव प्राप्त गरेको हुनुपर्ने

- कम्तिमा ५ बटासम्म अनुसन्धानात्मक लेखहरु राष्ट्रिय तथा अन्तराष्ट्रिय जर्नलमा प्रकाशित भएका हुनुपर्ने ।

**तथ्यांकशास्त्री**

- मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तिमा स्नातकोत्तर तह पास गरेको हुनुपर्ने
- सम्वन्धित विषयक्षेत्रमा रही कम्तिमा ३ देखि ५ वर्षको अनुभव प्राप्त गरेको हुनुपर्ने
- सम्वन्धित विषय क्षेत्रमा कम्तिमा ३ देखि ५ वर्षको अध्ययन/अनुसन्धान/अध्यापन गरेको हुनुपर्ने
- सम्वन्धित विषयमा कम्तिमा ३ वटा लेखहरु प्रकाशित गरेको हुनुपर्ने

**योजनाविद्**

- मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तिमा स्नातकोत्तर तह पास गरेको हुनुपर्ने
- सम्वन्धित विषयक्षेत्रमा रही कम्तिमा ३ देखि ५ वर्षको अनुभव प्राप्त गरेको हुनुपर्ने
- सम्वन्धित विषय क्षेत्रमा कम्तिमा ३ देखि ५ वर्षको अध्ययन/अनुसन्धान/अध्यापन गरेको हुनुपर्ने
- सम्वन्धित विषयमा कम्तिमा ३ वटा लेखहरु प्रकाशित गरेको हुनुपर्ने

## ३. अध्ययनको बिधि, समयावधि तथा भुक्तानीको विधि

प्रतिवेदन निर्माणको विस्तृत प्रक्रिया, छलफल, अन्तरक्रिया, विज्ञ तथा सरोकारवालाहरूको राय सुझाव, प्रदेशको वस्तुस्थिति विवरण, तथ्याङ्क संकलन, प्रदेशका संभावना, अवसर तथा सोच लगायतका विषयहरू उल्लेख गरिनेछ। प्रतिवेदन निर्माणको कार्ययोजना निम्नबमोजिम प्रस्ताव गरिएको छः-

| क्र.स. | क्रियाकलाप | समयसीमा |
|---|---|---|
| १. | समय सीमासहितको कार्ययोजना/ कार्यशर्त तयारी (TOR) स्विकृती | २०७८ पौष १० |
| २. | आवेदन माग/मूल्याङकन र सम्झौता | २०७८ पौष २५ |

| क्र.स. | क्रियाकलाप | समयसीमा |
|---|---|---|
| | **सेवा प्रदायकको तर्फबाट** | |
| ३. | तथ्याङ्क तथा विषयवस्तुको संकलन | २०७८ माघ ३० |
| ४. | समिक्षा प्रतिवेदनको मस्यौदा आधारपत्र उपर सर्वपक्षीय छलफल तथा अन्तरक्रिया | २०७८ फागुन १५-२० सम्म |
| ५. | समिक्षा प्रतिवेदनको परिमार्जनसहित अन्तिम दस्तावेझतयार गरि प्रदेश योजना आयोगमा पेश | २०७८ चैत्र २० |

## ४. रकम भुक्तानी

आयोगले सेवा प्रदायक संस्थालाई निम्न बमोजिम रकम भुक्तानी गर्नेछ:

| सम्पन्न गर्नुपर्ने कार्य | भुक्तान हुने रकम | कैफियत |
|---|---|---|
| सम्झौताको बखत | कुल रकमको १० % | |
| समिक्षा प्रतिवेदनको प्रारम्भिक मस्यौदा पेश भएपश्चात | कुल रकमको २० % | |
| समिक्षा प्रतिवेदनको परिमार्जन सहित खेस्रा (Draft) प्रतिवेदन पेश भएपश्चात | कुल रकमको ३० % | |
| समिक्षा प्रतिवेदनको परिमार्जनसहित अन्तिम दस्तावेझतयार गरि प्रदेश योजना आयोगमा पेश भएपश्चात | कुल रकमको ४० % | |